"विविधतामा एकता : सुशासन र समृद्धि  हाम्रो प्रतिबद्धता "

# महाङ्काल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### गोटिखेल, ललितपुर



# आ.व.२०८१/०८२ को लागि
# प्रस्तावित
# वार्षिक नीति तथा कार्यक्रम

६ असार २०८१

**यस गरिमामय सभामा पाल्नु हुने अतिथिज्यू, उपाध्यक्षज्यू, सभाका सदस्यज्यूहरू, सभाका सदस्य सचिवज्यू तथा कर्मचारीहरू, पत्रकार एवं सम्पूर्ण उपस्थित महानुभावहरू**

सर्वप्रथम नेपालको हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि विभिन्न समयमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

महाङ्काल गाउँपालिकाको गाउँ सभाको १४ औं अधिवेशनमा उपस्थित हुनु हुने सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

महाङ्काल गाउँपालिकाको दिगो विकासको मार्गचित्रको रूपमा आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। सीमित स्रोत र साधनबाट असीमित आवश्यकताहरू सम्बोधन गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो। तथापि अधिकतम जनसहभागिता, सहकार्य र साझेदारीमा महाङ्कालमा विकासको आलोक छर्नु र यहाँका जनताको मुहारमा खुसी भर्नु हाम्रो परम कर्तव्य हो। महाङ्काल बासीले हामीलाई दिनुभएको अभिमत र जिम्मेवारी पनि यही हो।

ललितपुर जिल्लाका ६ वटा स्थानीय तहहरूमा दक्षिणपूर्वी भेगमा अवस्थित महाङ्काल गाउँपालिकाले आफ्नो बेग्लै पहिचान बोकेको छ। विविध जाति, भाषा, धर्म, कला र संस्कृतिको सुन्दर संयोजनबाट बनेको महाङ्काल प्राकृतिक र सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण छ। भौगोलिक विकटता र विषमताको बाबजुद पनि गाउँपालिकामा विकासका प्रचुर सम्भावनाहरू छन्। खासगरी कृषि तथा पर्यटन नै विकासका प्रमुख आधार हुन्। यहाँका प्राकृतिक स्रोत र साधनहरू, सांस्कृतिक सम्पदाको सही सदुपयोग गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि तथा पशुपालन, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, रोजगारी, संस्कृति, खेलकुद तथा मनोरञ्जन, पूर्वाधार विकास, वातावरण लगायत समग्र पक्षको विकासका लागि हामी क्रियाशील छौ। **"विविधतामा एकता : सुशासन र समृद्धि हाम्रो प्रतिबद्धता"** भन्ने हाम्रो आदर्श वाक्यलाई पच्छ्याउँदै समुन्नत र समृद्ध महाङ्काल निर्माणमा हामी प्रतिबद्ध छौं।

**सभाका सदस्यज्यूहरू**

अब म आ.ब. २०८०।०८१ मा हामीले सम्पन्न गरेका महत्वपूर्ण कार्यहरूको समीक्षात्मक प्रस्तुति सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

**सम्मानित सभाका सदस्य ज्यूहरू,**

राज्य पुनसंरचना पश्चात् वि.सं. २०७३ सालमा स्थापना भएको महाङ्काल गाउँपालिकाले आजको मिति सम्म आईपुग्दा ७ वटा आर्थिक वर्षका विकासका योजनाहरू सम्पन्न गरिसकेको छ। योजना तर्जुमा दिग्दर्शन, २०७५ ले तय गरेका स्थानीय तहमा योजना तथा बजेट तर्जुमाका मार्गदर्शन स्वरूप योजना तर्जुमाका विभिन्न चरणहरू क्रमशः सम्पन्न गर्दै हामी आज गाउँसभाको १४ औं अधिवेशनसम्म आइपुगेका छौ। विगतका ६ वटा वार्षिक योजनादेखि

चालु आ.व सम्म सञ्चालित योजना तथा कार्यक्रम र संघ तथा प्रदेश सरकारका नीति अनुशरण गर्दै र विभिन्न किसिमका अनुभवबाट सिक्दै तथा रूपान्तरित हुदै महाङ्काल गाउँपालिकाले विभिन्न विकासका शृङ्खलाहरू पार गरेको छ । नयाँ सडक सञ्जालबाट जनताको घरघरमा यातायात सेवा पूगोस भन्ने हेतुले हामीले सडक पूर्वाधारमा धेरै लगानी गरेका छौं । सडक सञ्जालजस्तो खर्चिलो दिगो पूर्वाधार तयार गर्नु वास्तवमै चुनौतीपूर्ण छ । तथापि ७ वर्षको दौरानमा हालै गरिएको सडक गुरूयोजना (Rural Municipality Transport Master Plan (RMTMP) सर्वेक्षण अनुसार मूल र भित्री सडकहरू गरी जम्मा ११४ वटा सडकहरू बनाउन हामी सफल भएका छौं । जसमा लम्बाईको हिसाबले २३३.९६ किलोमिटर रहेको छ । अब यस्ता सडकहरूको स्तरोन्नति र कालोपत्रे गर्नु हाम्रो मुख्य प्राथमिकता हुनेछ । यसका साथै करको दर हैन दायराबाट अर्थतन्त्र बढाउन सकिन्छ भन्ने उद्देश्य पूरा गर्न आर्थिक ऐन, २०८१ तर्जूमा सँगै, ऐन मार्फत व्यवस्थित कर प्रणाली विकास गर्दै पालिकाको आन्तरिक आयलाई बढोत्तरी, सुदृढ र व्यवस्थित बनाउने उद्देश्यले राजस्व सुधार कार्ययोजना तुर्जमा गरी कार्यन्वयनमा ल्याउने तयारी गरिएको छ। पूर्वाधार विकासका टुक्रे योजना भन्दा परिमाणमुखी योजना छनौटलाई प्राथमीकीकरण गर्ने प्रयास गरिएको छ । गाउँपालिकाले तय गरेका विगतका नीति, योजना तथा कार्यक्रमलाई क्रमबद्ध रूपले कार्यान्वयन गरिनेछ । गाउँपालिकाका नीति, योजना तथा कार्यक्रमलाई सञ्चालन तथा कार्यान्वयन गर्ने क्रममा संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ । महाङ्कालका आम नागरिकको मुहारमा सदैव खुशीयाली ल्याउन हामी सदैव दत्तचित्त भएर अघि बढ्ने कुरामा विश्वास व्यक्त गर्दै हाम्रो विकास अभियानमा जुट्न आम महाङ्काल बासीलाई हार्दिक अपिल गर्दछु ।

**सभाका सदस्यज्यूहरू,**

हामीले गत आ.व. को गाउँसभाबाट स्वीकृत गरेको नीति, कार्यक्रम र बजेटले यस गाउँपालिका क्षेत्रको समग्र विकासका लागि महत्वपूर्ण आधारहरू खडा भएको मैले महसुस गरेको छु । गत आ.व.मा स्वीकृत तथा चालु आ.व.मा कार्यान्वयनमा आएका विकास योजना तथा कार्यक्रमबाट हासिल भएका उपलब्धिहरूलाई म यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीयता कार्यान्वयनको चरणमा रहेको हाम्रो देशमा संघीय सरकारबाट स्थानीय सरकारलाई जति जति श्रोत, शक्ति र अधिकार बाँडफाँड गर्यो त्यति नै सफलता प्राप्त हुन सक्ने कुरामा दुईमत छैन । आफ्नो क्षेत्राधिकारभित्र रहेको कानुनी र संवैधानिक अधिकार प्रयोग गर्दै गाउँपालिकाभित्र बसोबास गर्ने जनतालाई सरकारको अनुभूति दिन सक्नु महत्वपूर्ण पक्ष हो । स्थानीय निर्वाचनको क्रममा जनता समक्ष गरेको प्रतिबद्धताहरू पूरा हुँदै गएको मैले महशुस गरेकोछु । गाउँपालिकाभित्र शाखागत कर्मचारी अभावका बिच पनि गत आ.व को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न सक्नु पक्कै पनि हामी बिच चुनौतीपूर्ण कार्य थियो ।

यसलाई सहज रूपमा कार्य सम्पादन गरी समयमा नै नतिजा दिन सहयोग गर्ने यस गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी ,समाजसेवी, बुद्धिजीवी, राजनीतिक दल, जनप्रतिनिधि लगायत आम जनसमुदायलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु ।

गत आ.व. मा पूँजीगत र चालू खर्च गरी जम्मा ४२ करोड ५८ लाख ८ हजार बजेट विनियोजन गरिएको थियो । जसमा बहुवर्षीय योजना बाहेक अन्यको कार्य ९०% भन्दा बढी काम सम्पन्न भएको छ । केन्द्र, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त अनुदानमध्ये सडक बिस्तारको कार्य, खानेपानी योजना तीब्र गतिमा अगाडि बढिरहेको छ र अबको केही वर्षमा मूल सडकहरू स्तरोन्नति तथा कालोपत्रे हुने तयारीमा रहेका छन् । हाल लेले चन्दनपुर सडकको कार्य बहुवर्षीय ठेक्का मार्फत तीब्रगतिमा भईरहेको छ । पूर्णरूपमा विद्यालयको पूर्वाधार तयार नभएपनि शैक्षिक गुणस्तर कायम गर्न र बालबालिकाहरूको पठनपाठनमा समय सापेक्ष अगाडि बढाउन विभिन्न गैर सरकारी साझेदार संघसंसथाहरूसँग मिलेर कार्य गरिरहेका छौ । स्वास्थ्य क्षेत्रतर्फ १ वटा एम्बुलेन्स मार्फत एम्बुलेन्स संचालन कार्यविधि अनुसार संचालनमा आईरहेको छ । २ वटा ब्याकहो लोडर मार्फत हिउँद बर्षा बाटोमा सेवा बिस्तार गर्न स्ट्याण्डबाई खटाएइको छ । आफ्नै पहालमा डिजेल भण्डारण कक्षको निर्माणगरी डिजेल ढुवानी र प्रयोगलाई वैज्ञानिक बनाएइको छ । सडक गुरू योजना मार्फत सडकको यथार्थ बस्तुस्थिती तयारपारी सडकको स्तरअनुसार कार्य गर्ने र अबको केही वर्षमा सबै सडकहरू कालोपत्रे गर्ने गरी स्तरोन्नति गर्ने तयारी रहेको छ ।

**सम्मानित सभाका सदस्यज्यूहरू,**
**अब म यस महाङ्काल गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**गाउँपालिकाको योजना तर्जुमा गर्दा अवलम्वन गरिएका क्षेत्रगत नीतिहरू,**

यसअघि, विगतमा गरिदै आएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै यस आ.व.मा थप कार्यक्रमहरू गर्दै लैजाने नीति समेत लिइएको छ ।

१. भूमि बैंकको नीति र कार्यक्रम ल्याइने छ ।
२. एकीकृत सहकारी विकासको नीति र कार्यक्रम ल्याईने छ ।
३. समुदाय र बस्ती स्तरमै बालअधिकार अभिमुखीकरण नीति र कार्यक्रम ल्याइने छ ।
४. प्रविधिमैत्री शिक्षक, विद्यार्थी , शैक्षणिक कृयाकलापको नीति र कार्यक्रम ल्याईने छ ।
५. आयुर्वेद विकासको नीति, प्राकृतिक जडिबुटी विकास र तिनको उचित प्रयोगबाट सेवा दिने नीति र कार्यक्रम ल्याइने छ ।
६. कृषिमा प्रयोग हुँदै आएको विषादी न्यूनीकरणका लागि आवश्यक नीति र कार्यक्रम ल्याईने छ ।
७. विद्यालय र गाउँस्तरमै जङ्क फुड (कवाडी खाना) र सार्वजनिक स्वास्थ्यमा असर पुऱ्याउने वस्तुहरूको प्रयोग कम गर्दै लैजाने नीति र कार्यक्रम ल्याइने छ ।

८. गाउँपालिका डिजिटल प्रोफाइल निर्माण र एकीकृत विकास नीति यस आ.ब. बाट उच्च प्राथमिकता साथ अगाडि बढाईने छ ।

९. ठेक्का सम्झौतागरी समयमा काम सम्पन्न नगर्ने र विकास आयोजनाहरूलाई अलपत्रपार्ने निर्माण व्यवसायीहरूलाई समयमै काम सम्पन्न गर्न लगाउने कानुनी नीति तथा कार्यक्रम ल्याइनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने निर्माण व्यवसायीहरूलाई पुरस्कारको व्यवस्था गरिने छ ।

१० असारे विकासलाई निरूत्साहित गरी समयसापेक्ष रूपमा विकास निर्माणका कार्यहरू गर्ने गराउने नीति अवलम्बन गरिने छ ।

११. गाउँपालिकालाई पूर्ण पर्यटकीय गाउँपालिका बनाउन आवश्यक कार्यक्रम र नीति लागु गरिनेछ । जस अनुसार ऋषिमुनीहरूको तपोभूमी नेपालमा लोपहुँदै गइरहेको योग र ध्यानको जीवन विज्ञानलाई आधुनिक शैलीमा रूपान्तरण गरी **“स्वस्थ्य जीवन योग विज्ञान”** भन्ने मूल नाराका साथ विद्यालय, कार्यालय लगायत होटल र होमस्टेहरूबाट यसको थालनी, विकास र प्रवर्द्धन गर्न यसवर्षबाट आवश्यक बजेटको व्यवस्था गरिनेछ

१२. बस्ती बिस्तारसंगै बढ्दै गएको फोहरमैलाको उचित ब्यवस्थापन गर्न आवश्यक नीति तथा कानुन ल्याइनेछ ।

१३. सामुदायिक विद्यालयको पठनपाठन कार्यलाई गुणस्तर र जीवन उपयोगी बनाउन उचित नीति बनाइने छ ।

१४. स्थानीय तहमा कार्यरत स्थानीय कर्मचारीहरूको लागि योगदानमा आधारित कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ ।

१५. आत्मानिर्भर पालिका बनाउनको लागि करको दायरा बढाउने नीति ल्याइने छ ।

१६. पालिकाले वार्षिक कम्तिमा २ कि.मि. सडक कालोपत्रे गर्ने नीति अबलम्वन गर्ने छ ।

१७. खेलकुद बिकासको लागि मीनी स्टेडियम निर्माण गर्न आवश्यक जग्गा खरिद प्रकृया अगाडी बढाउने छ ।

१८. कालेश्वर मन्दिरलाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा रुपान्तरण गर्न विविध निर्माण कार्यको थालनी गरिने छ ।

१९. कम्तीमा १ घर १ भैसी कार्यक्रमको थालनी गरिने छ ।

## (१) आर्थिक विकास सम्बन्धी नीतिहरू :

### क) कृषि तथा पशुपालन

- **“कृषि उत्पादनमा बृद्धि, महाङ्काल गाउँपालिकाको समृद्धि”** भन्ने मूल नाराका साथ कृषिक्षेत्रलाई मुख्य प्राथमिकताको साथ अघि बढाइने छ ।
- **“बाँझो जग्गा बिहीन गाउँपालिका, हराभरा गाउँपालिका”** को निर्माण गर्न जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरिने छ ।
- कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक परामर्श उपलब्ध गराउन प्राविधिक जनशक्ति थप गरिने छ ।

- कृषिक्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकीकरण, यान्त्रिकरण र बजारीकरणमा जोड दिईने छ। कृषकहरूलाई आधुनिक कृषि औजार उपलब्ध गराईनेछ।
- गाउँबासीहरूमा स्वरोजगारीको सिर्जना गर्न एक वडा एक उत्पादनको नीति लिइने छ।
- विषादी रहित प्राङ्गारिक खेती तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन दिँदै पशु तथा बाली बीमा कार्यक्रम सञ्चालन गरिनेछ भने सहकारी खेती तथा सामुहिक खेतीलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था मिलाइनेछ।
- कृषकहरूलाई आधुनिक नगदेबाली तथा फलफूलखेती तर्फ प्रोत्साहन गर्न स्थानीयस्तरमै कृषिउपज बजार केन्द्रको स्थापनामा जोड दिइनेछ।
- खाध्य तथा नगदे लागयत रैथाने बालीहरूको उत्पादन, उत्पादकत्व वृद्धि र बजारिकरणमा जोड दिइनेछ।
- लौठसल्लाको खेती तथा बजारीकरणमा विशेष जोड दिइनेछ।
- आधुनिक, उन्नत पशुहरूको उत्पादनमा जोड दिँदै किसानहरूलाई दुग्ध र मासुजन्य उत्पादनमा प्रोत्साहन गरिनेछ।
- प्रत्येक वडाहरूमा गठित कृषक समूहहरूलाई कृषि सेवा केन्द्रको रूपमा विकास गरिने छ।
- युवा लक्षित कार्यक्रमलाई जोड दिँदै नमुना कृषि फर्मको विकास गरिने छ।
- गाउँपालिकाभित्र बिउ बिजन विकास कार्यक्रमलाई अगाडि बढाईने छ।
- घाँसमा आधारित पशुपालन व्यवसाय कार्यक्रमलाई प्रोत्साहन गरिने छ।
- दुग्ध चिस्यान केन्द्र स्थापना गर्न प्रोत्सहान गरिने छ।
- गोठ तथा नस्ल सुधार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।
- कृषि विकास रणनीति, अनुगमन तथा समन्वय अन्तर्गत कृषक दर्ता व्यवस्थापन गरिने छ।
- कृषक सूचीकरण गरी कृषक कार्ड र मल कार्डको वितरण गरिनेछ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्याङ्क अध्यावधिक गरिने छ।
- स्थानीय महत्वका खाद्य तथा पोषण कार्यक्रमलाई प्रोत्साहन गरिने छ।
- भैसी तथा बाखा पालन प्रवर्धन कार्यक्रमलाई प्राथमिकताको साथ अगि बढाईने छ
- महाङ्काल गाउँपालिकामा संचालित सहकारी तथा वित्तीय संघ संस्थाहरूसँग समन्वय गरी कृषकहरूलाई कृषिकर्जाको लागि समन्वय तथा सहकार्य गरिने छ।
- निशुल्क पशु स्वास्थ्य शिविर संचालनमा ल्याइने छ।
- कृषकलाई तरकारीमा आत्मनिर्भर बनाउने अभिप्रायले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तरकारी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम संचालन गरिनेछ।

- गाउँपालिकालाई **'हरियाली र स्वच्छ वातावरण'** बनाई फलफूलमा आत्मानिर्भर वनाउन फलफूल विकास कार्यक्रम मार्फत कृषिक्षेत्रमा नागरिकलाई आकर्षित गर्न फलफूल दशक अन्तर्गत गाउँपालिकामा बृक्षारोपण अभियान कार्यक्रम सञ्चालन गरी कृषकलाई फलफूलको विरूवामा ५०% अनुदान प्रदान गरी व्यावसायिक कृषि नीति अवलम्वन गरिनेछ ।
- कृषि पेशालाई सम्मानजनक पेशाको रूपमा विकास गर्नको लागि उत्कृष्ट किसान छनौट गरी किसान सम्मान कार्यक्रमको थालनी समेत यसै आ.व बाट गरिनेछ ।
- कृषि तथा पशुपालनको क्षेत्रमा कुनैपनि महामारी तथा संक्रमण फैलिएमा तत्काल पालिका स्तरबाट उक्त महामारी र प्रकोप नियन्त्रणमा आवश्यक कार्य गरिने छ ।
- खाद्य तथा तरकारी बाली प्रंवर्धन कार्यमा विशेष जोड दिइनेछ ।
- व्यावसायिक रूपमा कृषि पेशालाई निरन्तरता दिन गाउँपालिकाभित्रका कृषक, समूह, सहकारीलाई तरकारी खेती, फलफूल खेती, सम्बन्धी वडा स्तरीय तालिम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका कृषकहरूको खेतबारीको माटो जाँचका लागि माटोको नमुना संकलन गरी ल्याब टेस्ट गरिनेछ ।
- गाउँपालिकामा उत्पादन भएका कृषिजन्य बस्तुहरूको बिक्रीवितरण गर्न र बजार व्यवस्थापन गर्न हाट बजार संचालन गर्ने नीति ल्याइनेछ ।
- बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गरिने छ ।
- स्थानीय स्तरमा उत्पादित बस्तु तथा पेय पदार्थहरूलाई ब्राण्डीङ गरी बजारिकरण गर्ने नीति ल्याइनेछ ।

## ख) उद्योग तथा वाणिज्य

- गाउँपालिकामा उद्योग व्यवसायको प्रबर्द्धन गर्न उद्यममैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।
- महाङ्काल गाउँपालिका स्तरिय उद्योग वाणिज्य संघ गठन गर्न प्रोत्साहन गरिनेछ ।
- पर्यावरण तथा वातावरण प्रदुषण गर्ने उद्योगलाई संचालनमा ल्याउन प्रतिवन्ध लगाईने छ ।
- गाउँपालिका क्षेत्र भित्रकै स्रोत र साधनको खोजी गरी भौतिक निर्माण कार्यमा सकेसम्म स्थानीय कच्चा पदार्थ प्रयोगमा ल्याउन जोड दिइने छ ।
- बजार अनुगमनलाई तीव्रता दिईनेछ
- रोजगारमूलक उद्योग धन्दालाई प्रोत्साहन दिइनेछ ।
- घरेलुमा दर्ता भई पालिकामा सूचीकरण नभई संचालनमा रहेका व्यवसायीहरूको फर्म पालिकामा दर्ता हुन आएमा हालसम्मको दर्ता शुल्क मिनाहा गरी यसै वर्षबाट लागु हुनेगरी दर्ता प्रकृया अगाडि बढाइनेछ ।

- घरेलु मदिरालाई ब्रान्डीङ्ग गर्ने र गाँजालाई वैधानिकता दिने संघीय सरकारको नीतिलाई स्वागत गर्दै यसलाई व्यवसायिकीकरण गर्न उचित प्रवन्ध मिलाइने छ।

## ग) पर्यटन

- धार्मीक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा कृषिजन्य पर्यटन क्षेत्रलाई विशेष पर्यटन क्षेत्रको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ।
- नवप्रवर्तनकारी युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारबाट फर्कनु भएका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरूलाई पर्यटन तथा उद्यम व्यवसाय सुरू गर्न प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकाको पर्यटनक्षेत्रमा विभिन्न कारणले पारेको प्रभावको अध्ययन गरी पुनरूत्थान लगायत दिगो पर्यटनका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाभित्र रहेको पर्यटकीय क्षेत्रहरूमा घरबास (Home Stay) कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाभित्र रहेका सार्वजनिक जग्गाहरूको संरक्षण र उपयोगको नीति तर्जुमा गरी निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी गाउँको आय बृद्धि गर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक पुरातात्विक स्थल चौतारा, पाटी पौवा आदिको विशेष संरक्षण गरी आधुनिक ढंगबाट पर्यटकीय पार्क, बाल उद्यान, प्रौढ पार्क आदिमा परिणत गरिने छ।
- महाङ्काल गाउँपालिकाको भाषा, साहित्य, कला र संस्कृति लगायताका लोक संस्कृतिको संरक्षण र सम्र्वद्धन गर्न महाङ्काल प्रज्ञा-प्रतिष्ठान मार्फत विषेश कार्यक्रमहरू ल्याइनेछ र पर्यटन विकाससँग जोडिनेछ।
- महाङ्काल गाउँपालीकाको ऐतिहासिक एवं धार्मिक ठाउँहरूमा चिनारीको लागि होडिङ बोर्डहरू राखिने छ।

## घ) सहकारी

- सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्दै सहकारीहरूको व्यावसायीकरणमा जोड दिइनेछ
- गाउँपालिकाभित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरूसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।
- गाउँपालिकाभित्र रहेका सहकारीले वार्षिक रूपमा कम्तिमा एक सहकारी एक सामाजिक कार्यक्रम गर्नुपर्ने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिकाभित्र रहेका सहकारी संस्थाको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ।

- गाउँपालिकाक्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरूसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरू संचालन गरी गरिबी र बेरोजगारी न्यूनिकरण कार्यको आरम्भ गरिनेछ

ङ) **वित्तीय क्षेत्र**

- गाउँपालिकाक्षेत्रभित्र संचालित वित्तीय संस्थाहरूलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा संचालित बैंक तथा वित्तीय संस्थाहरूलाई गाउँपालिकामा दर्ता हुन र नयाँ वित्तीय संस्था खोल्नुपूर्व अनिवार्य रूपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने नीति कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका वित्तीय संस्थाहरूको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ ।

च) **रोजगारी सिर्जना तथा स्वरोजगार कार्यक्रम**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरूसँग आबद्ध गरी उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रूपमा कार्यान्वयन गरिनेछ ।

२. सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

३. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

४. श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ ।

५. पालिका स्तरीय योजनाहरू कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिई काममा लगाइनेछ ।

६. बेरोजगार यूवाहरूलाई रोजगारयुक्त बनाउनु हाम्रो कर्तव्य हो । यसका लागि श्रममा आधारित रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

७. पालिका क्षेत्रमा कार्यरत मजदुरहरूको दक्षता, सीप र अनुभवको आधारमा अभिलेखन गरी श्रम बैङ्कको स्थापना गरिनेछ। श्रम बैङ्कमा सूचीकृत मजदुरहरूलाई उनीहरूको दक्षता, सीप र अनुभवको आधारमा निजी क्षेत्र तथा सरकारी क्षेत्रसंगको समन्वयमा काममा लगाउने व्यवस्था मिलाइनेछ ।

९. मौसमी कामदारको रूपमा वैदेशीक रोजगारीलाई विशेष महत्वका साथ अघि बढाइने छ ।

१०. बेरोजगार युवाहरूलाई विभिन्न सिपमूलक तालिमहरू प्रदान गरी तालिम प्राप्त युवाहरूलाई उद्यम व्यवसाय गर्न सुलभ र सस्तो ब्याज दरमा युवा उद्यमशील कर्जाका लागि गाउँपालिका भित्र क्रियाशील सहकारी संस्थाहरू सँग सहकार्य गरी रोजगारी वृद्धि गरिनेछ ।

११. गाउँपालिकाका विभिन्न स्थानलाई नियमित सवारी सेवा प्रदान गर्नका लागि कम्तिमा पाँच जना युवाहरूलाई तीनपाङ्गे सवारी साधन चालक तालिम निःशुल्क रुपमा प्रदान गरिनेछ । तालिम प्राप्त युवाहरूलाई आफ्नो सवारी खरिदका लागि सस्तो ब्याजदरमा ऋण प्रदान गर्न गाउँपालिकामा क्रियाशील सहकारी संस्थाहरू सँग समन्वय गरिनेछ

१२. बचत तथा ऋण कारोबार गरिरहेका सबै सहकारीहरूलाई अनिवार्य रुपमा सहकारीका केन्द्रीय तथा प्रदेश संघ र सहकारी बैंकले सञ्चालन गरेका स्तरीकरण कार्यक्रममा चालु आब भित्र समावेश गर्दै लगिने छ ।

## (२) सामाजिक विकास

### क) शिक्षा

- "Clean School, Green School" कार्यक्रमको लागि वृक्षारोपण गरी वातावरण हराभरा बनाई उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विद्यालयलाई विकास गरिनेछ ।
- बालविकास कक्षा व्यवस्थापनको लागि अनुदान तथा सामग्री खरिदका साथै Fun Corner को स्थापना गरी सञ्चालन गरिनेछ ।
- सबै माध्यमिक विद्यालयमा स्काउटको प्रभावकारी व्यवस्थापन गरिनेछ ।
- शिक्षकमा अनुभव साटासाट तथा क्षमता अभिवृद्धिको लागि Teacher Exchange programme सञ्चालनमा ल्याइनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि विषयगत समिति गठन गरी बिषयगत तालिम प्रदान गरिनेछ र शैक्षिक सुधार कार्यक्रम ल्याइनेछ ।
- शिक्षाक्षेत्रमा गुणस्तर कायम गर्नका लागि प्रतिस्पर्धाको माध्यमबाट प्र. अ. छनौट गरिने नीति ल्याइने छ ।
- बालबालिकाको नेतृत्व क्षमता विकासका लागि बालक्लव गठन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- विद्यालयलाई प्रविधिमैत्री बनाउनको लागि सबै सामुदायिक विद्यालयमा Fast Speed Internet को पहुँचको विस्तार गरिनेछ ।
- अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गराइनेछ ।

- विद्यालय र जनप्रतिनिधिको बिचमा सुमधुर सम्बन्ध स्थापित गरी सरोकारवालाहरूको चासो अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न **विद्यालयमा जनप्रतिनिधि** कार्यक्रमको व्यवस्था गरिनेछ ।
- प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास तथा संस्थागत क्षमता अभिवृद्धिको लागि जिल्ला तथा अन्तर जिल्ला स्तरमा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- शिक्षकहरूको लागि Log Book, Bag र Identity Card को व्यवस्था गरिनेछ ।
- उत्कृष्ट नतिजा हासिल गरेका विद्यालय, प्र.अ. तथा बिषय शिक्षकहरूलाई पुरस्कृत गर्ने नीतिमा निरन्तरता दिइनेछ ।
- आधारभूत र माध्यमिक विद्यालय व्यवस्थापन तथा सञ्चालनको लागि बिशेष अनुदानको व्यवस्था गरिनेछ ।
- विद्यालय अनुगमनलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तरको सुदृढीकरणमा पहल गरिनेछ
- सामुदायिक विद्यालयमा E-Attendance र CCTV जडान गर्ने नीति लिइनेछ ।
- राज्यकोषबाट सुविधा उपभोग गर्ने नागरिकले निजका सन्तानलाई सामुदायिक विद्यालयमा अध्ययन गराउनुपर्ने नीतिलाई कार्यन्वयनमा लगिनेछ ।
- विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी मिलान तथा समायोजन गरिनेछ ।
- साक्षरता, दिवाखाजा कार्यक्रमका लागि विभिन्न गैर सरकारी संघ संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिवा खाजाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप सुधार गर्दै पालिकाले दिने थप सुविधामा निरन्तरता दिइनेछ ।
- **एक विद्यालय एक उद्यम** कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूमा अर्थोपार्जन गर्ने सीप विकास गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सङ्गीत र नृत्य शिक्षकको व्यवस्था गरिने छ ।

**ख) स्वास्थ्य**

महाङ्काल गाउँपालिककाको आधारभूत स्वास्थ्य सेवामा पहुच पुऱ्याउनको लागि देहायका नीति तथा कार्यक्रम ल्याइने छ ।

- स्वास्थ्यचौकी तथा सामुदायिक स्वास्थ्य ईकाई मार्फत कम्तिमा वर्षको तीन पटक आफ्नो वडाभित्रका जेष्ठ तथा अशक्त नागरिकहरूका लागि घरमै स्वास्थ्य परीक्षण र नियमित सेवन गरिने औषधी वितरण गर्ने व्यवस्था गरिनेछ
- स्वास्थ्य जीवनशैली प्रवर्द्धन अभियान अन्तर्गत मानसिक स्वास्थ्य सेवा प्रवर्द्धन व्यवहार परिवर्तन, आयुर्वेद चिकित्सा प्रणालीलाई सुदृढीकरण, स्वस्थ्य

जीवनशैली अवलम्बन तथा नागरिक आरोग्यताको लागि योग, प्राकृतिक चिकित्सा, होमियोप्याथिक सेवा पद्धतिलाई प्राथमिकत्ता दिईनेछ ।

- किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन तथा प्रामर्श सेवा प्रवाह गर्न प्रदेश सरकारको सहयोगमा संचालित एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई प्रत्याभूत गर्न स्वास्थ्यमा पहुँच अभिवृद्धि गरिनेछ । महिला तथा बालबालिका र ज्येष्ठ नागरिकहरूको लागि आवश्यकता अनुसार प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- सम्पूर्ण जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सबै वडाहरूमा स्थापित स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरूको सुधार गर्दै लगिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।
- **"स्वास्थ्य आमा स्वास्थ्य शिशु"** कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य समस्या समधानका लागि गाउँपालिका क्षेत्र भित्र र स्वास्थ्य संस्थाको रिफर अनुसार गा.पा. क्षेत्रबाहिर लैजान निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा स्तनपान कक्षको स्थापना गरिनेछ ।
- गर्भवती महिला र नवजात शिशुको पोषण सुधार कार्यकालागी स्वास्थामा सुत्केरी गराउने महिलाको लागी तत्काल नेपाल सरकारबाट प्रदान गर्दै आएको सुविधामा थप रकम रू २ हजार उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महाङ्गाल गाउँपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई संघ तथा प्रदेशबाट प्राप्त सेवा सुविधा बाहेक वार्षिक रकममा रू.१००००/- थप गरी निरन्तरता दिइनेछ ।
- विद्यालयमा अध्ययनरत छात्राहरूका लागि गुणस्तरीय स्यानीटरी प्याडको व्यवस्था गरी त्यसको सरसफाईको लागि स्यानीटरी प्याड भेन्डीङ्ग मेशीन र स्यानीटरी प्याड डिस्पोजल मेशीनको जडान गरी स्मार्ट सिस्टम लागु गरिनेछ ।
- पूर्णखोपयूक्त गाउँपालिकालाई दिगो बनाई राख्न र कुपोषणको पहिचाहन गरी शीघ्र कुपोषण न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरूको लागि स्तन, पाठेघरसम्बन्धी क्यान्सर र आङ खस्नेसम्बन्धी रोगको शिविर संञ्चालनमा निरन्तरता दिइनेछ

## ग) खानेपानी तथा सरसफाई

- **"स्वच्छ र सफा पिउने पानी : स्वास्थ जिन्दगानी"** भन्ने नारा लाई सफलीभूत पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरूप स्वच्छ र सफा पिउने पानी उच्च प्राथमिकताको साथ अगि बढाइने छ ।

- खानेपानीको मुहान संरक्षण तथा सुरक्षित खानेपानीको लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानीको अभाव भएका वस्तीहरूमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।
- वहुवर्षीय खानेपानी आयोजना सञ्चालन गर्न अन्य सहयोगी हातहरूसँग समन्वय र सहकार्य गरी आर्थिक तथा प्राविधिक स्रोतको खोजीमा विशेष कदम उठाईने छ
- गाउँपालिकाभित्र उत्पादन हुने फोहरमैला व्यवस्थापन गर्न आवश्यक नीति लिइने छ ।
- खानेपानीका समितिहरूलाई वातावरण तथा सरसफाई प्रति उत्तरदायी बनाउने खालका नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरूलाई यथाशीघ्र सम्पन्न गरिदै लगिनेछ ।

## घ) भाषा, संस्कृति प्रवर्द्धन

- महाङ्काल प्रज्ञा–प्रतिष्ठान ऐन, २०७९ अनुरूप गठन गरिएको महाङ्काल प्रज्ञा–प्रतिष्ठान मार्फत महाङ्काल गाउँपालिकाको भाषा, साहित्य, ललितकला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने नीति लिइने छ ।
- गाउंपालिकाभित्र रहेको सम्पूर्ण सास्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्दन गर्ने नीति लिइनेछ ।
- स्रष्टा, कलाकारहरूलाई प्रोत्साहन गरिने छ ।
- कला संग्रहालयको स्थापना गरिने छ ।
- गाउंपालिकालाई साँस्कृतिक, प्राज्ञिक पहिचानयुक्त गाउँपालिकाको रूपमा परिचित गराइने छ ।
- गाउँपालिकाभित्र वसोवास गरेका विभिन्न जातजातिहरूको भाषा धर्म तथा संस्कृति संरक्षणको लागि विभिन्न कार्यक्रम ल्याईनेछ ।
- विविधता बीचको एकता कायम गर्दै विविध सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।
- विभिन्न जातिहरूको भेषभूषा र संस्कृतिको अध्ययन र प्रकाशन गरिने छ ।
- कला, संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न लोक संस्कृतिका विविध विधाहरुमा आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमहरूको सुरूवात गरिनेछ ।
- गाउँपालिकाभित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर, चर्च, गुम्बा, मस्जिद, पाटी, पौवा, सत्तल, कुवा, पंधेरो, ढुङ्गेधारा, दाहसंस्कार गर्ने घाट जस्ता सम्पदाहरूको पुनर्निर्माण तथा संरक्षण गरिनेछ ।

ङ) **खेलकुद तथा मनोरञ्जन**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा बिजयी भई आउने खेलाडीहरूलाई हौशला र प्रोत्साहन प्रदान गर्न आवश्यक कार्यविधि बनाई पुरस्कृत र सम्मान गरिनेछ ।
- युवाहरूलाई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा लिनु पर्ने सन्देशलाई साकार गर्न गाउँपालिका क्षेत्रभित्रका युवाहरूलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन विविध खेलकुद कार्यक्रमहरू आयोजना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरूको सिर्जनशीलता विकासको लागि युवा क्लवहरूलाई क्रियाशील गराउन आवश्यक सहयोग गरिनेछ ।
- एक वडा एक खेल मैदान निर्माण गर्दै लगिने छ ।

च) **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- गाउँपालिकाभित्र महिला हिंसा न्युनीकरणका लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।
- महिला सशक्तिकरण तथा क्षमता बिकास सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
- महिलाहरूलाई स्वावलम्बी बनाउन आवश्यक सिप बिकासका कार्यक्रम ल्याइनेछ ।
- सामाजिक भेदभावको न्यूनीकरण गर्न आवश्यक नीति लिइने छ ।
- लैङ्गिक हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरूको अन्त्यको लागि बिभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरूको प्रतिस्पर्धात्मक क्षमता विकास र सशक्तिकरणको लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
- दलित, जनजाति तथा आदिवासीहरूको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरू संचालन गरिनेछ ।
- गाउँपालिका भित्र लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरूषलाई हरेक कार्यक्रममा सहभागि गराउँदै लगिनुका साथै दलित, अल्पसंख्यक, पिछडीएका वर्ग र समुदायहरूको क्षमता अभिबृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ ।
- बालश्रम न्यूनीकरण, बाल शोषण अन्त्य, घरेलु बालश्रमिकको पुनःर्स्थापना तथा जोखिममा परेका बालबालिकाहरूको पुर्नस्थापना गरी यस गाउँपालिका क्षेत्रलाई बालश्रम उन्मुलन क्षेत्र घोषणा गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गले सञ्चालन तथा अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई मूलप्रवाहीकरणमा ल्याइनेछ ।

- महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सबै किसिमका सामाजिक विभेद हटाउन विविध कार्यक्रमहरू संचालन गरिनेछ

## (३) पूर्वाधार विकास :

### क) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल

- **"विकासको मुख्य आधार : दिगो पूर्वाधार"** भन्ने अभियान लाई अगाडी बढाँउदै पुर्वाधार निर्माणमा दिगोपना सुनिश्चित गरिनेछ ।
- ग्रामीण सडकहरूको स्तरोन्नति गर्दा अनिवार्य रूपमा नाली निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ ।
- महाङ्काल गाउँपालिकामा बन्ने वा बनी सकेका भौतिक संरचनाहरूलाई अपाङग मैत्री र बालमैत्री संरचना बनाउने नीति ल्याइनेछ ।
- भौगोलिक धरातलको हिसाबले महाङ्काल गाउँपालिकामा निर्माण गरिएका सडकहरू वर्षाको पानीबाट बगाउने समस्या रहेको हुँदा गाउँपालिका क्षेत्रभित्रका खोल्सा, खोल्सीहरूमा कजवेय तथा कलभर्ट निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।
- पालिकास्तरीय सडक गुरूयोजनाले निर्देशन गरेका प्रमुख सडकहरूको स्तरोन्नति गर्ने कार्यलाइ प्राथमिकतामा राखिनेछ ।
- पालिका भित्र रहेका सडकहरू तथा सम्पदाहरूको यसै आ.ब.बाट नामकरण गर्दै लगिने छ ।
- ग्रामीण सडकहरूको स्तर निर्धारण तथा मापदण्ड तयार गरी सवै सडकहरूको लगतकट्टा गर्न पहल गरिनेछ ।
- गाउँपालिका केन्द्र देखि वडा कार्यालय सम्म जोड्ने सडकलाई प्राथमिकतामा राखि व्यवस्थित गर्दै लगिने छ ।
- आवश्यक खोलाहरूमा झोलुङे पुल निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

### ख) सिंचाई

- गाउँपालिका क्षेत्रभित्र रहेका सिंचाई कुलोहरूको मर्मत सम्भार गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाका कृषि योग्य भूमिमा सिचाइको लागि श्रोतको खोजी गर्दै नहर, कूलोबाट सिञ्चाई हुन नसक्ने स्थानमा लिफ्ट सिञ्चाइ, थोपा सिञ्चाइ, प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिकरूपमा सिचाई सुविधा पुर्याइनेछ ।

- सम्भावित नयाँ सिंचाई आयोजनाहरू निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्दै जाने नीति अबलम्बन गरिनेछ ।

**ग) भवन तथा शहरी विकास**

- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण संहिता मापदण्ड २०७२ लाई पूर्ण रूपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका ग्रामीण क्षेत्रलाई क्रमिक रूपमा विकासका पूर्वाधारहरू निर्माण गरी सहरीकरण गरिनेछ ।
- महाङ्काल गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरिनेछ साथै अतिक्रमित सार्वजनिक जग्गा खाली गराईनेछ ।

**घ) उर्जा**

- सौर्य उर्जा उत्पादनलाई प्रोत्साहन गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रका सार्वजनिक चोकहरूमा सौर्य वत्ति जडान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- विद्युत प्रसारणको क्षमता हेरी विद्युत प्रसारण लाईन तथा ट्रान्समिटरको क्षमता बृद्धिमा पहल गरी यस आ.ब.मा सबै वडाको सबै टोलहरूमा विद्युत विस्तार गरिने छ ।

**ङ) सूचना तथा सञ्चार संबन्धी नीति तथा कार्यक्रम**

- नेपाल टेलिकम लगायत अन्य सेवा प्रदायकसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा 5G इन्टरनेट सेवाको सुनिश्चितताको लागि पहल गरिनेछ ।
- गाउँपालिकाका सबै वडाहरूलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरूमा आवश्यक जनशक्ति तथा संचार पूर्वाधार व्यवस्थापनमा जोड दिईने छ ।

## (४) वातावरण तथा विपद व्यवस्थापन :

**क) वन तथा भू - संरक्षण**

- गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक बनको संरक्षण गर्न सामुदायिक बन उपभोक्ता समितिलाई क्रियाशील बनाईनेछ ।
- गाउँ क्षेत्रका सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षारोपण कार्य अगाडि बढाइनेछ भने आवश्यकता अनुसार जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- भिरालो भूबनोटका कारण हुनसक्ने बाढी पहिरो, भूक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्यून गर्न दिगो भू-संरक्षण नीति अवलम्बन गरिनेछ ।

- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरू कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता विकासका कार्यक्रमहरू ल्याइनेछ
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति न्यूनिकरण गर्ने उपाय अवलम्बन गरिनेछ ।

## ख) वातावरण र जलाधार संरक्षण तथा जलवायु परिवर्तन

- **"सफा सुन्दर महाङ्काल : स्वच्छ हरियाली"** भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरू संचालन गरिने छ ।
- जलबायु परिवर्तनको असर तथा विविध कारणले पानीका मुहानहरू सुक्दै जाने स्थिति देखिएको सन्दर्भमा परम्परागत कुवा, धारा पंधेरा जस्ता पानीको स्रोतहरूको विशेष संरक्षण गरिने छ ।
- जलवायु परिवर्तन अनुकूल क्षमता बढाउन विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- महाङ्काल गाउपालिकाको हरेक योजना तथा कार्यक्रमहरूमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोडदिइनेछ ।
- जलवायु परिवर्तनबाट पर्ने असरहरूबाट बँच्ने उपायका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ ।
- वृक्षारोपण र तारवार गरी गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने तथा कृतिम पानी पोखरी निर्माणका लागि आवश्यक योजना संचालन गरिनेछ ।

## ग) फोहरमैला तथा ढल व्यवस्थापन

- फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ । साझेदार संस्थाहरूको सहकार्यमा प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगको सट्टा बिकल्पहरूको खोजी गर्दै कपडा तथा कागजका सामाग्रीहरूको प्रयोगमा प्रोत्साहित गरिने छ ।
- बस्ती विस्तारको क्रममा निश्कासन हुने फोहरलाई वर्गीकरण गर्दै सड्ने गल्ने फोहरलाई आफ्नै घरबारीमा तथा नसड्ने फोहरलाई मोहरमा परिणत गर्ने रणनीति अवलम्बन गरी जनचेतनामूलक कार्यक्रम अघि बढाइने छ ।

## घ) विपद व्यवस्थापन

- बिपद व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रूपमा लिई विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ । कोषको रकम बृद्धि गरी प्रभावकारी काम गर्न विपद् क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।
- संभावित विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

- विपद्पश्चात् आइपर्ने जोखिमबाट बँच्नका लागि पूर्व तयारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला संस्थाहरूसँगको सहकार्यमा विपद् जोखीम न्युनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाबाट सडक निर्माण लगाएतका विकास निर्माण कार्य संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङकन गरी वातावरणमैत्री बनाइनेछ ।
- महाङ्काल गाउँपालिकाभित्र रहेका वनजङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समिति मार्फत सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

## (५) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

### क) सामान्य सेवा

- **"स्थानीय सरकार : जनताको नजिकको सरकार"** लाई यथार्थतामा रूपान्तरण गर्न गाउँपालिकाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र नागरिकमैत्री बनाइनेछ ।
- गाउँपालिकाको प्रशासनलाई सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमूक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ ।
- गाउँपालिकाभित्रका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्ने परिपाटीको विकास गरी पुरस्कृत तथा दण्डित गर्ने कार्यको थालनी गरिने छ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ ।
- भ्रष्टाचार, अनियमितता तथा ढिलासुस्तीप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानुनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहुँचको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।
- अध्यक्षसँग विपन्न कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- उपाध्यक्षसँग किशोर किशोरी बहस कार्यक्रम संचालनमा ल्याईने छ ।
- भूमिहिन तथा सुकुम्बासीहरूलाई जग्गा प्राप्तिको लागी पहल गरिनेछ ।
- गाउँपालिकाको सम्रग गतिविधि झल्कने गरी चौमासिक बुलेटिन प्रकाशन गरिने छ ।
- उत्कृष्ट कार्य सम्पादन र विकास निर्माण गर्ने वडा कार्यालयलाई कामको गुणस्तर हेरी पुरस्कृत गरिने छ ।

### ख) सूचना प्रविधि

- युवा पुस्तालाई सक्षम र सबल बनाउनका लागी सूचना र प्रविधिको माध्यमबाट लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्वोधन गरिने परिपाटीको विकास गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालहरूलाई सूचनामैत्री कार्यालयको रूपमा विकास गरिनेछ ।

- प्रत्येक वडा कार्यालयलाई सूचना सञ्चारको दृष्टिले थप प्रविधि मैत्री बनाउनका लागि पहल गरिनेछ ।
- गाउँपालिकाको सबै वडाहरूमा नेटवर्क टिप्ने गरी टेलिफोन टावरको लागि पहल गरिनेछ ।

**ग) पञ्जिकरण**

- व्यक्तिगत घटना दर्ता प्रणाली लाई कम्प्युटराइज्ड प्रणालीमा आबद्ध गरी वैज्ञानिक अभिलेख पद्धति सचालनमा ल्याइने छ ।
- समयमा व्यक्तिगत घटना दर्ता गराउन जनचेतना मूलक सन्देशहरू प्रशारण गरिने छ
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न वैङ्किङ प्रणालीलाई थप प्रभावकारी बनाइने छ ।

**घ) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

- गाउँपलिकाको समग्र सूचना संकलन गरी गाउँपालिकाको पार्श्वचित्र बनाई अद्यावधिक गर्दै लगिनेछ ।
- विगतमा गाविस हुँदादेखिका अभिलेखहरूलाई कम्प्युटराईज गरी सुरक्षित राख्ने प्रयत्न गरिनेछ ।
- गाउँपालिकाको **तथ्याङ्कहरूलाई चुस्त दुरूस्त राख्न डिजिटल भिलेज प्रोफाइलको निर्माण गरी संचलानमा ल्याइने छ र उक्त** प्रोफाइलको उचित प्रवर्धन र संचालन गरिने छ ।

**ङ) सुशासन प्रवर्द्धन**

- गाउँपालिकाका कार्यहरूलाई पारदर्शी बनाइने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको उचित परिचालन गरी नागरिकलाई सुशासनको अनुभूति दिलाउने गरी कार्य संचालन गराइने छ ।
- गाउँपालिकाद्धारा संचालित योजना तथा कार्यक्रममा व्यापक जनसहभागिता परिचालन गरिने छ । योजना संचालनमा अनिवार्य रूपमा स्थानीयको लागत सहभागिता हुनुपर्ने नीति अवलम्वन गरिने छ ।
- उपभोक्ता समिति मार्फत गरिने योजनाहरूको समिति बनाउँदा अनुभवी, कुशल र स्वच्छ छबी भएका विकासप्रेमी समूहको सहभागितालाई बढि जोड दिइने छ ।
- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरूको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडासमिति र गाउँपालिकामा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रबाट सबै योजना तथा कार्यक्रमहरूको अनुगमनको व्यवस्था प्रभावकारी ढंगबाट मिलाइनेछ ।
- डिजिटल नागरिक बडापत्रका बारेमा सेवाग्राहीलाई सूचित गरिदै लगिनेछ ।

- सूचनाको हक सम्बन्धी कानून बमोजिम स्पस्ट प्रयोजन खुलाई सेवाग्राहीले मागेका आवश्यक र उचित सूचनाहरू संभव भए सम्म डिजिटल माध्यमबाट र संभव नभएको खण्डमा स्वयम कार्यालयमा उपस्थित भई मागेको सूचना समयमै उपलब्ध गराइनेछ तर खराब नियत राखी कार्यालयको गोपनियता खलबलाउने खालको औचित्यहीन सूचनाहरू उपर कुनै कारवाही गरिने छैन ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्यहरू नियमित रूपमा गरिनेछ ।
- स्थानीय तहहरूबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरूबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । विकास कार्यहरूको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारी प्रशासन संयन्त्रलाई सबल, सक्षम, समावेशी, जवाफदेही, सदाचारी, पारदर्शी बनाइनेछ ।
- वडा कार्यालयलाई नागरिकहरूको पहिलो र नजिकको सरकारका रूपमा विकास गरिनेछ । वडा कार्यालयहरूलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शिता जवाफदेहिता र नागरिकमा सन्तृष्टि कायम गर्ने उद्देश्य राख्ने नीति लिईनेछ ।
- वित्तिय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिबृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरूस्त र कम्प्युटराइज गरिनेछ।
- कार्यकम तथा बजेटको आयव्यय विवरण सजिलै देखिने ठाउँमा टाँस गर्नुका साथै सार्वजनिक सुनवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाबाट हुने सम्पूर्ण कारोवारहरू बैकिङ्ग प्रणाली मार्फत सन्चालन गरिनेछ
- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै लगिनेछ ।
- भ्रष्टाचारजन्य क्रियाकलापप्रति शून्य सहनशीलताको अवधारणामार्फत सुशासनमा टेवा पुऱ्याईनेछ । बेरूजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ

## च) अनुसन्धान, विकास र विविध

- गाउँपालिकाको समग्र विकासका लागि सामाजिक संघ संस्थाहरूसंगको सहकार्यलाई जोड दिइनेछ । गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका संघसस्थाहरूसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ भने, गाउँपालिकामा समन्वय नगरी यसक्षेत्रमा कार्यक्रम सञ्चालनको लागि रोक लगाइनेछ ।

- गाउँको आन्तरिक आय अभिबृद्धि गर्न आन्तरिक आय सुदृढीकरण कार्ययोजना अनुरूप करको दायरालाई बढाउँदै सहभागितामूलक करनीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकार सञ्चालनको मूलआधार स्थानीय आय भएकाले गाउँबासी, उद्योग वाणिज्य संघ, स्थानीय विद्यालयसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ ।

**अन्त्यमा,**

हामीले वर्षौदेखि भोग्दै आएको आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै आर्थिक वर्षको शुरूमा नै योजना बनाएर काम सुरू गर्ने र समयमा नै गाउँपालिकाका सबै कार्यक्रमहरू सम्पन्न गरी संघीय सरकारको सुखी नेपाली समृद्ध नेपालको परिकल्पनालाई सार्थकता प्रदान गर्न कृषि र पर्यटन केन्द्रित बजेटमार्फत आफ्ना नागरिकहरूलाई व्यावसायिक बनाउँदै आत्मनिर्भरता तर्फ अग्रसर बनाउने नीति अवलम्वन गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई आत्मसात् गर्दै यस गाउँपालिकाका स्थानीय बासिन्दा, समाजसेवी, जनप्रतिनिधि तथा कर्मचारीहरू दृढ इच्छाशक्तिले लागेमा महाङ्काल गाउँपालिका समृद्ध गाउँपालिका हुन धेरै समय कुर्न नपर्ने विश्वास मैले लिएको छु । ***"सानो लक्ष्य लिनु अपराध हो महान् लक्ष्य राख"*** भन्ने भनाइलाई मनन् गर्दै सामाजिक सद्भाव र एकताबाट सामुहिक रूपमा विकासको खोजीमा जुट्नु पर्छ तबमात्र आर्थिक मन्दिले निम्त्याएको प्रतिकुल अवस्थाको बावजुद्ध विकासको रथ अघि बढाउन सकिन्छ भन्ने हाम्रो मान्यता रही आएको छ । अब अवस्था अनुकूल छ । त्यसैले विकासरूपी आशाको दियोमा इन्धन थप्दै जाऔं । प्रस्तुत नीति तथा कार्यक्रमको जगमा टेकेर बन्ने सम्पूर्ण योजनाहरूको सफल कार्यान्वयनमा आम उपभोक्ताहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछु । अबको तीन वर्षमा महाङ्काल एउटा समृद्ध पर्यटकीय गाउँपालिका बन्नेछ भन्ने आम गाउँबासीहरूमा विश्वास दिलाउँदै स्थानीय सरकारको विकास अभियानमा जुट्न आम महाङ्कालवासीलाई अनुरोध गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

गणेश बहादुर के.सी.
अध्यक्ष

मिति : २०८१।०३।०६